स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

༄༅། །ཧེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས། །

गाउँ कार्यपालिकाको कार्यालय

सिन्धुपाल्चोक

प.सं: २०८३/८४

बागमती प्रदेश,नेपाल

च.नं.:

---

**मृगौला प्रत्यारोपण गरेका,मृगौला डायलाइसिस गरिरहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुको नामावली नविकरण सम्बन्धि सूचना ।**

**प्रकाशित मितिः-२०८३/०४/०५**

प्रस्तुत विषयममा यस हेलम्बु गाउँपालिका भित्र रहेका मृगौला प्रत्यारोपण गरेका,मृगौला डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातको विरामीहरुलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धि नेपाल सरकारको कार्यविधि २०७८ को दफा ६ बमोजिम प्रत्येक आर्थिक वर्षको शुरुमा लक्षित समुहमा पर्ने बिरामीहरुको विवरण अध्यावधिक तथा नामावली नविकरण र नया दर्ता गर्नु पर्ने प्रवाधान अनुरुप २०८३/०४/३१ गते कार्यालय समय भित्र तपसिलमा उल्लेखित कागजात सहित बिरामी आफै उपस्थित भई वा बिरामी उपस्थित हुन नसक्ने अवस्थामा बिरामीको प्रत्यक्ष रेखदेख गर्ने व्यक्ती हेलम्बु गाउँपालिका स्वास्थ्य शाखामा उपस्थित भई तोकिएको समय भित्र नामावली नविकरण गर्नुहुन सम्बन्धित सबैमा यसै सूचना मार्फत सूचित गरिन्छ ।

तपसिल,

- अनुसुचि-१ बमोजिमको ढाँचामा चिकित्सकको सिफारिस ।
- नागरिकता/राष्ट्रिय परिचय पत्र/जन्मदर्ता प्रतिलिपी ।
- मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता सम्बन्धि प्राप्त रातो (क बर्ग ) वा निलो कार्ड (ख बर्ग ) को प्रतिलिपी
- सम्बन्धित वडा कार्यालयको लक्षित समुह नया दर्ता वा नविकरण गरिदिने व्यहोराको सक्कल सिफारिस पत्र
- बैंक खाता विवरण (चेकको प्रतिलिपी) ।

(नोटः-१. मृगौला प्रत्यारोपण गरेका,मृगौला डायलाइसिस गरिरहेका, क्यान्सर रोगी (क्यान्सर पहिचान भई उपचार निको भएका बाहेक तर चिकित्सकले हरेक ३-३ महिना भित्र निरन्तर निगरानीमा (close follow up) रहेका व्यक्ती लक्षित समुहमा पर्ने र मेरुदण्ड पक्षघात भएका (रातो र निलो अपाङ्गता परिचय पत्र प्राप्त व्यक्ति ।

२. नेपाल सरकार वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएका संस्था वा संगठन संस्थाबाट रोजगारी/निवित्तिभरण वा बिदेशी सरकारबाट रोजगारी/पेन्सन प्राप्त गरिरहेका व्यक्ति उल्लेखित सुविधा उपलब्घ गराईने छैन ।

३. नेपाल सरकारबाट उपलब्ध गराउदै आएको जेष्ठ नागरिक भत्ता (सामाजिक सुरक्षा भत्ता), एकल महिला भत्ता, एकल पुरुष भत्ता, दलित भत्ता, पिछडिएको भत्ता, अपाङ्ग भत्ता लगायत नेपाल सरकारबाट साबिक मा पाई आएको सामाजिक सुरक्षा भत्ता वा यस निर्देशिका बमोजिम उपलब्ध गराईने मध्ये कुनै एक किसिमको भत्ता प्राप्त गर्न सक्नेछन ।साथै एक व्यक्तिलाई एक भन्दा बढि रोग लागेको अवस्थामा दोहोरो सुविधा उपलब्ध गराईने छैन ।

स्वास्थ्य शाखा प्रमुख

---